# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

महादेवस्थान काभ्रेपलान्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल।
Bagmati Province, Nepal

०११-१४१२१११२
०११-१४१२१११३
०११-१४१२१११४


प.सं. २०८१/०८२
च.नं.

मितिः २०८१/०८/०४
ने.स. ११४५ कछलागा, ४ मङ्गलबार

विषयः ध्यानाकर्षण सम्बन्धमा।

प्रस्तुत विषयमा केहि दिन देखी सामाजिक सञ्जालहरुमा श्री महाकाली माध्यमिक विद्यालय मण्डनदेउपुर-४ चैनपुरमा रिक्त रहेको माध्यमिक तह अंग्रेजी विषयको राहत दरबन्दीमा शिक्षक नियुक्तिका लागि मिति २०८१/०८/०२ गते आइतबार लिइएको छनौट परीक्षाका सन्दर्भमा तथ्य र प्रमाणका आधारमा सम्बन्धित निकायमा उजुरी गर्नुको सट्टा व्यक्तिको चरित्र हत्या गर्ने र निर्वाचित जनप्रतिनिधी र कर्मचारीबिचको सुसम्बन्धलाई खलल् पुऱ्याउने मनसायले अनर्गल प्रचार गरिएको प्रति यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ।

यसै सन्दर्भमा मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा रिक्त शिक्षकहरु नियुक्ति गर्दा मण्डनदेउपुर नगरपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ तथा मण्डनदेउपुर शिक्षा नियमावली, २०७४ (संशोधन समेत) ले तोकेको कार्यविधी बमोजिम योग्यता, सक्षमता र निष्पक्षता कायम हुनेगरी लिखित तथा मौखिक परीक्षा संचालन गरी शिक्षक नियुक्तिका लागि सम्बन्धित विद्यालय समक्ष सिफारिस गर्ने गरिएको छ। राजनीतिक आस्थाका आधारमा आफ्ना मान्छे नियुक्तिका लागि भनसुन र अनावश्यक दबाब दिने परिपाटीको अन्त्य गर्न ऐ. ऐन कानून तथा प्रचलित ऐन कानूनको अक्षरसः पालना गर्न सम्बन्धित कर्मचारीलाई निर्देशन दिइएको र सोहि अनुसार माथि उल्लिखित विद्यालयमा शिक्षक नियुक्ति गरिएको हुँदा आफ्ना व्यक्ति छनौट नभएको आक्रोशमा यस नगरपालिकामा कार्यरत वरिष्ठ विद्यालय निरीक्षक श्री लोकेन्द्र बहादुर विष्टलाई लक्षित गरी गरिएको भ्रामक प्रचारबाजीको भर्त्सना गर्दै यस्ता आधारहिन र तथ्यहिन प्रचारबाजी गर्ने जोसुकै बिरुद्ध विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिम कारबाहीका लागि सम्बन्धित निकाय मार्फत प्रक्रिया अगाडी बढाइने समेत जानकारी गराउँदछौं।

साथै, यस्ता कपोलकल्पित प्रचारबाजीको विश्वास नगरी नगरपालिकाको आधिकारिक सूचना र जानकारीलाई मात्र आधार मान्नुहुन तथा कुनै गुनासा र असन्तुष्टिहरु भए प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा स-प्रमाण उजुरी गर्नुहुन सरोकारवाला सबै समक्ष अनुरोध गर्दछौं।

धन्यवाद !

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| टोक बहादुर वाइवा | पुरुषोत्तम बजगाईं | निरञ्जन बिष्ट |
| नगर प्रमुख | नगर प्रवक्ता | संयोजक |
| | | सामाजिक विकास समिति |